**कोभिड १९ महामारी पछि विद्यालय सञ्चालन सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन**

## पृष्ठभूमि

सन् २०२० को सुरुवात सँगै विश्व स्वास्थ्य सङ्गठनले विश्व भरि नयाँ रोगको विकास भएको कारणले मानिसहरूको दैनिक जीवन लगायत अन्य कुरामा धेरै प्रभाव पार्ने आंकलन सहितको सुचनाहरु प्रकाशित गर्यो। त्यस अवस्थादेखि अहिलेसम्म आउँदा कोभिड १९को महामारीले विश्वभरि त्रासदीपूर्ण वातावरण छाइरहेको छ ।

चाइनाको वुहानप्रान्तबाट सन् २०१९ डिसेम्बरबाट सुरु भएको कोरोना भाइरस सङ्क्रमणले विश्व आक्रान्त छ। चीनमा अध्ययनरत एक जना विद्यार्थी (२३ जनवरी २०२०)नेपाल आउँदा कोरोना संक्रमण भएको पाइएको थियो । त्यो घटनानै कोरोना भइरस संक्रमणको नेपालकोलागि पहिलो मानिएको छ । उक्त सङ्क्रमित व्यक्ति उपचार पछि निकोभएका थिए। त्यसको लगभग एक महिना पछि दोस्रो व्यक्ति सङ्क्रमित भएको पुष्टि भएपछि निरन्तर रूपमा विदेशबाट नेपाल प्रवेश गर्ने नेपालीहरूमा सङ्क्रमणदेखिन थाल्यो । यस परिस्थितिले गर्दा सङ्क्रमण छिटो फैलिएर समुदायमा पुग्ने आकलन गरेर सङ्क्रमणलाई रोक्न नेपाल सरकारले पनि अन्य देशहरूले जस्तै मार्च १८, २०२० का दिन कोभिड–१९ महामारीलाई सम्बोधन गर्ने क्रममा अत्यावश्यक क सेवाहरूबाहेक देश व्यापी बन्दाबन्दीको निर्णय गर्यो जस अनुसार शैक्षिक संस्थाहरू बन्द भए । सरकारले कोरोना नियन्त्रण र उपचार व्यवस्थाका लागि विभिन्न कदम चाल्यो । बन्दाबन्दीमा शैक्षिक संस्थाहरू पनि परे । तत्कालै शुरु हुने योजनामा रहेका विद्यालय तथा विश्वविद्यालय अन्तर्गतका वार्षिक तथा आवधिक परीक्षाहरू स्थगित गरिए र यो अवस्था अनिश्चित रहेको छ । अव शैक्षिक कार्यक्रमहरू विद्यालय/कलेजहरूमा व्यवस्थित रुपमा सञ्चालन गर्न अझै केही समय लाग्ने भनेर नेपाल सरकारले घोषणा गरेको छ। यस बन्दाबन्दीको अवस्थामा निजी विद्यालयका सञ्चालकहरूले चाँडो भन्दा चाँडो विद्यालय सञ्चालन गर्ने भन्ने निर्णयहरू पनि भएका थिए । शैक्षिक संस्थाका कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले अनलाइन विधिमा पठनपाठन सुरु गर्न अनुमति दिएको छ। त्यस अनलाइन विधि अनुसार केही विद्यालयहरूले कक्षाहरू सञ्चालन गर्न प्रयास गरिरहेका छन्।

युनेस्कोका अनुसार नेपालमा झण्डै ९० लाख विद्यार्थीमा कोभिड–१९ का कारण शैक्षिक संस्था बन्दको प्रभाव परेको छ । यसमध्ये ११ प्रतिशत पूर्वप्राथमिक तह, २८ प्रतिशत प्राथमिक तह, ३९ प्रतिशत माध्यमिक तह र ५ प्रतिशत उच्च तहका विद्यार्थीहरू छन् ।

यो बन्दाबन्दीको स्थितिमा बच्चाहरूमा पर्नसक्ने मनोवैज्ञानिक र सामाजिक प्रभावहरूको विषयमा छलफलहुन थालेको र व्यक्तिहरूमा परेको मनो-सामाजिक समस्याको विषयमा पनि धेरै तिर चर्चा भयो। यस विशेष परिस्थितिलाई मध्य नजर गरर्दे शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्ने विषयले महत् पूर्णबहस गराएको छ। यो अवस्थामा पनि केही अभिभावकहरूले विद्यालय सञ्चालन गर्नुपर्छ भन्ने आवाजहरू उठाएका छन् भने केही विद्यालय सञ्चालकहरूको पनि समान धारणा रहेको छ । यस विपदको अवस्थामा विद्यालय सञ्चालनका लागि गर्नुपर्ने आवश्यक पूर्व-तयारी भएकोछ कि छैनभने छलफल गर्नु पर्ने अवस्था देखिन्छ। अभिभावकहरूले विद्यालय सञ्चालनका बारेमा कसरी सोचि रहेका छन्? के उनीहरू आफ्ना बालबालिकाहरूलाई कोरोना सङ्क्रमण बढ्दै गरेको अवस्थामा विद्यालय पठाउन तयार छन त ? यी र यसैसँग सम्बन्धित भएर आएका अन्य प्रश्नहरूलाई मध्यनजर गर्दै कोभिड-१९ को असरभइरहेको अवस्थामा बालबालिकाहरूको पठनपाठनका लागि विद्यालय सञ्चालन गर्ने वा नगर्ने सम्बन्धमा अभिभावकहरूको धारणा बुझ्न नेपाल परिवार विकास प्रतिष्ठान(Nepal Family Development Foundation - NFDF) ले अनलाइन अध्ययन सञ्चालन गरेको थियो । यस अनलाइन अध्ययनमा ६२८ जना अभिभावकहरू सहभागी हुनुभएको थियो ।

**अनुसन्धान पद्धति (Research Methodology)**

यस अध्ययनको लागि सङ्ख्यात्मक अनुसन्धान पद्धति ( Quantitative research method ) प्रयोग गरिएको थियो । धेरै जना सँग एउटै प्रश्नावली भरेर तथ्य सङ्कलन गर्न र त्यसबाट आएको नतिजालाई सामान्यीकरण गर्नको लागि यस किसिमको अध्ययन पद्धति उपयुक्त हुने हुँदा यस विधिको प्रयोग गरिएको छ।

**नमुना छनौट (Sampling)**

छ सय भन्दा बढि अभिभावकहरू यस अध्ययनमा सहभागी गराउने लक्ष्य अनुरूप छ सय २८ जना सँग अनलाइन मार्फत सर्वेक्षण फारम भराइयो ।

**सर्वेक्षण विधि (Survey Method)**

यो अध्ययन कोभिड-१९ को महामारीको बीचमा बन्दाबन्दी कै अवस्थामा गरिएको हुँदा, बन्दाबन्दीले सबै जना घर भित्रै बन्द भएको अवस्थामा अनलाइन सर्वेक्षण विधिबाट यो सर्वेक्षण गरिएको थियो ।

**सर्वेक्षणमा प्रयोग भएका उपकरण (Research tools)**

यस अध्ययनका क्रममा तथ्याङ्क सङ्कलन गर्न बन्द प्रश्नावली( Closed questionnaires) प्रयोग गरिएको थियो । प्रश्नावली समावेश भएको गुगल फारम विकास गरेर सामाजिक सञ्जाल, तीनवटा अनलाइन समाचार पोर्टलमा सूचना जारी गरिएको थियो ।

**तथ्याङ्क विश्लेषण (Data Analysis):**

गुगल फारम मार्फत सङ्कलित तथ्याङ्कहरूलाई एमएस एक्सेलवाट डाटा प्रशोधन गरेर एस पि एस एस बाट आवश्यक टेबल, क्रस टेवलहरू निकालिएको थियो ।

**अध्ययनको उद्देश्यहरू (Objectives of study)**

१. बन्दाबन्दीको अवस्थामा अभिभावकहरूलाई परेको प्रभावको अध्ययन
२. बन्दाबन्दी पछि पनि अभिभावकहरू आफ्ना बच्चाहरूलाई विद्यालयमा पढाउन तयार छन् कि छैनन् भन्ने उनीहरूकोअवधारणाको अध्ययन
३. विद्यालयले गर्ने भनेको अनलाइन कक्षा प्रति अभिभावकहरूको धारणा
४. बन्दाबन्दीमा विद्यालय तहका विद्यार्थीहरूले कसरी समय बिताए भन्ने बारेमा अध्ययन
५. बन्दाबन्दीमा विद्यार्थीहरूमा आएको व्यवहारिक परिवर्तनको अध्ययन

**सहभागीको प्रादेशिक विवरण**

***तालिका १ सहभागीहरूको विवरण***

| **प्रदेश** | **सहभागी संख्या** | **प्रतिशत** |
|---|---|---|
| प्रदेश १ | ८१ | १२.९ |
| प्रदेश २ | ३६ | ५.७ |
| बागमती | ३६६ | ५८.३ |
| गन्डकी | ५१ | ८.१ |
| प्रदेश ५ | ४८ | ७.६ |
| कर्णाली | १७ | २.७ |
| सुदुरपश्चिम | २९ | ४.६ |
| **जम्मा** | **६२८** | **१००.०** |


यस सर्भेमा बाग्मती प्रदेशबाट आधाभन्दा बढी ५८.३ प्रतिशत अविभावकहरूले सहभागीता जनाउनु भयो भने २.७ प्रतिशत अभिभावकहरू कर्णाली प्रदेश बाट सहभागी हुनु भएको थियो।

**विद्यालय पठाउने तयारीको बारेमा**

कोरोना सङ्क्रमणको समयमा केही दिनको बन्दाबन्दी पछि खुला बनाउँदा विद्यालयहरू पनि सञ्चालन गरेका केही देशहरूले सुरक्षा विधिहरू अपनाएर कक्षा सञ्चालनको थिए । यस सम्बन्धी ती देशहरूको अनुभवहरूका केहीजानकारी अनुसार विद्यालय बन्द राख्नु भन्दा सुरक्षा विधि अपनाएर सुचारु गर्दाकोबालबालिकाहरूमा सकारात्मक पक्ष बलियोरहेको जानकारी आएको छ ।

विद्यालय सञ्चालन गरिरहेका ती देशहरूको अनुभव अनुसार हाम्रो देशको सन्दर्भमा पनि विद्यालय पुनः सुचारु गर्ने समय निर्धारण गर्दा कोरोनाको जोखिम बट बच्ने तथा बचाउने सम्भावित जोखिमहरुबाट बचाउने तयारी गरेर मात्र सुचारुको योजना बनाएर मात्र कार्यगर्ने पर्छ । यसका साथैशिक्षा, स्वास्थ्य र आर्थिक–सामाजिक पक्षसहित विभिन्न स्रोतबाट प्राप्त सूचनाको विश्लेषण गरी बालबालिकाको सर्वोपरि हित तथा जनस्वास्थ्य अवस्थालाई केन्द्रबिन्दुमा राख्नु पर्ने हुन्छ ।

***तालिका २ तत्काल बन्दाबन्दीबन्दाबन्दीखुल्ने बितिकै बालबालिकालाई विद्यालय पठाउने वा नपठाउने (प्रतिशतमा)***





अध्ययनको यस तालिका अनुसार सहभागीहरू मध्ये ९१.६ प्रतिशत अभिभावकहरूबन्दाबन्दीको अवस्थामा विद्यालय खुलेमा खुल्ने बित्तिकै विद्यालय पठाउन तयार नभएको बताएका छन् भने पठाउन तयार रहेका अभिभावकहरू८ प्रतिशत मात्र छन् ।

**तालिका ३प्रदेश अनुसार विद्यालय खुल्नेवित्तिक्कै पढ्न पठाउने र अवस्था**

| 12. तपाई आफ्नो बच्चालाई तत्काल बन्दाबन्दी खुल्नेबितिकै (यदि विद्यालय खोलियो भने) विद्यालय पठाउन तयार हुनुहुन्छ? | प्रदेश १ | प्रदेश २ | बागमती | गन्डकी | प्रदेश ५ | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | प्रतिशत | प्रतिशत | प्रतिशत | प्रतिशत | प्रतिशत | प्रतिशत | प्रतिशत |
| पठाउन तयार छु | ६.२ | ११.१ | ८.५ | ५.८ | १२.५ | ०.० | १३.८ | ८.४ |
| पठाउन तयार छैन | ९३.८ | ८८.९ | ९१.५ | ९४.१ | ८७.५ | १००.० | ८६.० | ९१.६ |
| जम्मा | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |
| जम्मा संख्या | ८१ | ३६ | ३६६ | ५१ | ४८ | १७ | २९ | ६२८ |

प्रदेश अनुसार यस प्रश्नको उत्तरमा सहभागीहरू मध्ये कर्णाली प्रदेशका १७ जनामा सबै सहभागीहरूले विद्यालय पठाउन तयार नभएको बताएका छन । भने सबै प्रदेशहरूकोआँकडा हेर्दा दुई तिहाइभन्दा धेरै सहभागी अभिभावकहरूले बन्दाबन्दीबन्दाबन्दीखुले पनि तत्काल विद्यालयपठाउन तयार नभएको देखिन्छ। बालबालिकालाई कहिलेबाट विद्यालय पठाउन तयार हुनु हुन्छ भनेर  राखीएको प्रश्नमा ४५ प्रतिशत अभिभावकहरू सामान्य अवस्था भएपछि मात्र तयार रहेको बताउनु भयो।

***तालिका ४यदि तयार हुनुहुन्न भने, कहिले देखि पठाउनु हुन्छ (base=575)***




त्यस्तैगरी ४० प्रतिशतले संक्रमणको अवस्था शुन्य भए पछि मात्र र ९.६ प्रतिशत अभिभावकहरुले अवस्था हेरेर र अन्य व्यक्तिहरुले के गर्नु हुनछ हेरेरमात्र आफ्नो निर्णय गर्ने हुन्छ।

*तालिका ५विद्यालय सञ्चालन हुनको लागि अहिलेको अवस्थामा कुन-कुनव्यवस्था भइ दिए हुने जस्तो लाग्छ*

| **Q14.विद्यालय सञ्चालन हुनको लागि अहिलेको अवस्थामा कुन-कुनव्यवस्था भइ दिए हुने जस्तो लाग्छ ?(बहुउत्तर)** | सहभागी संख्या | प्रतिशत* |
|---|---|---|
| भौतिक/सामाजिकदुरी कायम गरेर पढाउने व्यवस्था | ५५६ | ८८.५ |
| ज्वरो नाप्ने व्यवस्था | ३८३ | ६१.० |
| साबुन पानी र स्यानिटाइजरको व्यवस्था | ४३७ | ६९.६ |
| मास्कको अनिवार्यता | ४२४ | ६७.५ |
| अन्य | ८० | १२.७ |

*बहु उत्तर

विद्यालयमा सञ्चालन गर्दा कुनकुन कुरामा ध्यान दिनु पर्छ भन्ने प्रश्नमा ५५६ जना अभिभावकहरू भौतिक दूरीका गरेर पढाउने व्यवस्था गर्नु पर्छ भन्ने मा धेरै मत दिनुभएको छ भने मास्कको अनिबार्यतामा ४२४ अभिभावकहरूले आफ्नो धारणा राख्नु भएको छ त्यस्तै गरी ४३७ जना ले साबुन पानी र स्यानिटाइजरको व्यवस्थाहुनु गर्ने, ३८३ जनाले ज्वरो नाप्ने व्यवस्था हुनु पर्ने धारणा राख्नु भयो भने ८० जनाले बारेमा क्रमश ।

*तालिका ६ विद्यालयले गर्ने भनेको अनलाइन कक्षाको लागि तपाईतयार हुनुहुन्छ*

| Q15 विद्यालयले गर्ने भनेको अनलाइन कक्षाको लागि तपाईतयार हुनुहुन्छ ? | सहभागी संख्या | प्रतिशत |
|---|---|---|
| तयारछु | २९७ | ४४.४ |
| तयारछैन | ३४९ | ५५.६ |
| जम्मा | ६२८ | १०० |

हाल सरकार तथा निजि शैक्षिक निकायहरूले अन्लाईन कक्षामा जोड दिएको अवस्थामा सहभागीहरुलाई प्रश्न राख्दा आधा भन्दा धेरै अर्थात् ५६ प्रतिशत सहभागीहरूले अनलाइन कक्षालाई तयार नभएको बताउनु भयो भने केवल ४४ प्रतिशतले मात्र तयार रहेको बताउनुभयो

**बन्दाबन्दीले पारेको प्रभाव**

***तालिका*** **७ बन्दाबन्दीले असर परेको छ भने कुन-कुन कुरामा असर पारेको छ**

| | सहभागी संख्या | प्रतिशत ) |
|---|---|---|
| आर्थिकअसर | ४९९ | ८३.४० |
| सामाजिकअसर( भेटघाट, विवाह जस्ता सामाजिक काममा गतिरोध) | ३६१ | ६०.४० |
| मानसिकअसर | ३७९ | ६३.४० |
| रोजगारी/स्वरोजगारीमाअसर | १०८ | १८.१० |
| अन्यअसरहरू | १७ | २.८० |

बन्दाबन्दीको कारणबाट परेको प्रभावको बारेका राखिएको प्रश्नमा ४९९अभिभावकहरूमा आर्थिक असर परेको बताउनु भयो भने ६३ प्रतिशत लाई मानसिक असर गरेको बताउनु भयो । आँकडा अनुसार सबैअभिभावकहरूलाई कुनै न प्रकारको कुनैअसर परेको छ ।

त्यसै गरी बन्दाबन्दीको कारण बालबालिकाहरूको स्वभावका बारेमा राखिएको प्रश्नमा ६५ प्रतिशत अभिभावकहरूले स्वभावमा परिवर्तन भएको अनुभव गर्नुभएको छ ।

***तालिका ८ बन्दाबन्दीको अवधिमा पहिलेको समयको तुलनामा तपाइको बच्चाहरूमास्वभावमा केहीपरिवर्तनहरू देखु भएको छ***

| | सहभागी संख्या | प्रतिशत |
|---|---|---|
| छ | ४०८ | ६५ |
| छैन | २२० | ३५ |
| जम्मा | ६२८ | १०० |

बालबालिकाको स्वभावमाआएको परिवर्तनमा अधिकांशमा भनेको/अह्राएकोकाम नमान्ने २०० जना , रिसाउने, चिडचिडाहट हुने १८३ जना, कुराहरुलाईबढाइ चढाइ गरेर भन्ने१६८ जना , झगडालु व्यवहार देखाउने १५२ जना खानामा रुचिनहुने ८४ जना लाई समस्याहरू देखाउने गरेको बताएका छन्। त्यस्तै गरी ६० जना ३७ जना ३३ जना ले क्रमश एकान्तमा बस्न रुचाउने भएगरेका कुराहरूलाई बढाइ चढाइ गरेर भन्नेढाँट्ने जास्ता समस्याहरु पनि देखाउने गरेको उनिहरुकमा अभिभावकहरु बताउनु हुनछ ।

*तालिका ९ छ भने के कस्ता परिवर्तनहरू देख्नु भएको छ*

| **Q21. छ भने के कस्ता परिवर्तनहरु देख्नु भएको छ ? (Base =408)** | सहभागी संख्या | प्रतिशत |
|---|---|---|
| भनेको/अह्राएको काम नमान्ने | २०० | ४९.०० |
| रिसाउने, चिडचिडाहट हुने | १८३ | ४४.९० |
| कुराहरूलाईबढाइ चढाइ गरेर भन्ने | १६२ | ३९.७० |
| झगडालु | १५२ | ३७.३० |
| खानामा अरुचि | ८४ | २०.६० |
| एकान्तमा बस्नरुचाउने | ६० | १४.७० |
| भएगरेका कुराहरूलाई बढाइ चढाइ गरेर भन्ने | ३७ | ९.१० |
| ढाँट्ने | ३३ | ८.१० |
| अन्य | २८ | ६.९० |
| अल्छीभएका छन् | ३ | ०.७० |
| Total | ४०८ | २३०.९० |

**निष्कर्ष**

१. करिव ९२ प्रतिशत अविभावकहरु आफ्ना बच्चाहरुलाई बन्दाबन्दी खुल्ने बित्तिकै बिद्यालय पठाउन तयार छैनन । सर्वेक्षणको अवधीमा नेपालमा अत्यधिक मात्रामा कोरोना संक्रमितहरुको संख्या बृद्धि भइरहेको अबस्थामा जनमानसमा एक प्रकारको त्रासको वातावरण फैलिएको थियो । त्यसै अनुरुप सर्वेक्षणमा सहभागी अविभावकहरु पनि आफ्ना बच्चाहरुको स्वास्थ्य प्रति चिन्तित भएर यस प्रकारको जवाफ दिएका हुन सक्छन । त्यसै बेलामा भारतमा गरिएको एक सर्वेक्षणमा पनि करिव ९० प्रतिशत अविभावकहरुले आफना बच्चाहरुलाई बन्दाबन्दी खुले पनि तत्काल बिद्यालय पठाउन तयार नभएको जवाफ दिएका थिए ।

२. बिद्यालय तत्काल पठाउन तयार नहुने ५७५ अविभावकहरु मध्ये करिव ४५ प्रतिशतले स्थिति सामन्य भए पछि र ४० प्रतिशतले संक्रमणको दर सुन्य भएपछि मात्र पठाउन तयार छु भनेर जवाई दिएका छन। यसको मतलव अविभावकहरु तत्कालै कुनै हालतमा पनि आफ्ना बच्चाहरुलाई बिद्यालय पठाउने मनस्थितिमा छैनन । दस प्रतिशत अविभावकहरु चाहि अबस्था हेरेर बिद्यालय पठाउन तयार देखिन्छन ।

३. आफ्ना बच्चाहरुको स्वास्थ्य प्रति संबेदनशिल देखिएका अविभावकहरु मध्ये करिव ८८ प्रतिशतले बिद्यालय सञ्चालन गर्दा भौतिक तथा सामाजिक दुरि कायम गरियोस भन्ने पक्षमा छन भने ७० प्रतिशतले साबुन पानी तथा स्यानिटाइजरको ब्यबस्था गरेर मात्र बिद्यालय सञ्चालन गरिनु पर्ने बताउछन । यसबाट अविभावकहरुमा कोरोनाको संक्रमणको जोखिमबाट बच्ने अधिकतम उपाए अपनाएर मात्र बिद्यालय सञ्चालन गरिनु पर्ने पक्षमा मत जाहेर गरेको पाईयो ।

४. सर्वेक्षणको समयमा बिशेषगरि निजि बिद्यालयहरुले उठाउदै आएको अनलाइन बाट कक्षा सञ्चालनको पक्षमा आधा भन्दा कम उत्तरदाताहरु मात्र रहेको देखियो भने करिब ५६ प्रतिशत अविभावकहरु अनलाइन कक्षाका लागि तयार छैनौ भनेर मत जाहेर गरेको देखियो ।

५. सहभागी करिब ९५ प्रतिशत उत्तरदाताहरुलाई बन्दाबन्दीबाट असर पारेको देखियो भने सबैभन्दा धेरै असर चाहि आर्थिक असर नै परेको देखियो । अन्य सामाजिक तथा मानसिक रुपमा पनि असर परेको उल्लेख्य मात्रामा पाइयो ।

६. करिब दुई तिहाई बालबालिकाहरुको आनि बानी तथा स्वभावहरुमा केहि न केहि परिवर्तन आएको देखियो। त्यस मध्ये झन्डै ५० प्रतिशत बालबालिकाहरु पहिले भन्दा आफ्ना अविभावकहरुले भनेको/अह्राएको नमान्ने, ४० प्रतिशतले कुरालाई बढाइ चढाइ गरेर भन्ने , ४५ प्रतिशतमा चाँहि रिसाउने झगडा गर्ने प्रवृति बढेको देखियो । यसबाट बन्दाबन्दीले गर्दा बालबालिकाहरुमा मानसिक रुपमा केहि न केहि असर पारेको देखियो भने घरमा धेरै समय बिताउने हुनाले उनिहरुलाई एकोहोरो पना, जिद्धिपना बढ्ने तथा असामाजिक हुने सम्भावना पनि बढ्न सक्ने देखियो ।

यस अध्ययनका अनुसन्धानकर्ताहरु भोला प्रसाद कोइराला, अनुप अधिकारी नेपाल परिवार बिकास प्रतिष्ठानमा कार्यरत हुनुहुन्छ ।


अनुप अधिकारी


भोला प्रसाद कोइराला